## बैठक नं. ०१ ( आ.व. २०७७।०७८)

**प्रस्तावहरु( मिति २०७७।०४।०६ गते मंगलबार)**

- विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।
- कर्मचारीहरुको विज्ञापन सम्बन्धमा ।
- पिटौली (लेन्थ वर्कर) व्यवस्थापन कार्यविधि,२०७७ सम्बन्धमा ।
- करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
- योजना कार्यान्वयन, सम्झौता सम्बन्धमा ।
- रोजगार कार्यक्रमको अभिमुखिकरण सम्बन्धमा ।
- क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।
- सेवा करारमा लिने सम्बन्धमा ।

**निर्णयहरु**

- कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७, घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ र विपद् व्यवस्थापन कोष ( सञ्चालन) कार्यविधि, २०७७, सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।
- कर्मचारीहरुको विज्ञापन सम्बन्धमा कृषि प्राविधिक सहायक चौथो ६ जना, पशु प्राविधिक सहायक चौथो ६ जना, सव-ईन्जिनियर ५ जना ( रोजगार सेवाकेन्द्र अन्तरगत १ जना समेत), अनमी ५ जना, हेल्थ असिस्टेन्ट ३ जना, डोजर चालक र सहचालकको पदपूर्तिको लागि विज्ञानपन खोली करारमा राख्ने निर्णय गरियो।
- पिटौली ( लेन्थ वर्कर) व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।
- करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद थप सम्बन्धमा छलफल हुँदा आ.व. २०७६।०७७ देखि कार्यरत करार तथा ज्यालादारी कर्मचारीको करार अवधि २०७७ पौष मसान्तसम्मको लागि थप गरी जिम्मेवारी दिने निर्णय गरियो ।

- योजना कार्यन्वयन, सम्झौता सम्बन्धमा आ.व.२०७७।०७८ द्वारा विनियोजित बजेटबाट विनियोजित भएका योजनाहरु पौष मसान्तसम्म सम्झौता भई कार्यन्वयन प्रक्रियामा नगएका योजनाहरुको रकम हिउदे नगर सभाबाट नयाँ योजना बनाइ काम गर्ने निर्णय गरियो ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बरोजगार व्यक्तिहरुलाइ आ.व. २०७७।०७८ मा सार्वजनिक विकास निर्माणका कार्यक्रम/आयोजनाहरुमा न्यूनतम रोजगारी प्रदान गर्ने उद्देश्यले रोजगारी दिने सम्बन्धमा वडा सचिव तथा वडा अध्यक्षलाई तालिम दिनुपर्ने भएकोले यहि मिति २०७७ श्रावन ०९ गते अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।
- क्वारेन्टाइन सम्बन्धमा विद्यालयमा कायम भएका क्वारेन्टाइनहरुलाई हटाइने, विद्यालयमा नयाँ क्वारेन्टाइन नबनाउने र क्वारेन्टाइन भएका विद्यालयहरुलाइ निर्मलीकरण तथा सरसफाइ गर्ने निर्णय गरियो । साथै क्वारेन्टाइन व्यवस्थापन सहयोगका लागि राखिएका स्वयंसेवकहरुलाई २०७७ श्रावन १ गते देखि नराख्ने निर्णय गरियो ।
- न्यायिक समितिको कामलाई छिटो, छरितो तथा व्यवस्थित गर्नको लागि १ जना कानुनी सहजकर्ता सेवा करारमा मासिक रु १५००० ( अक्षरुपी पन्ध्र हजार) का दरले मिति २०७७ भाद्र १ गते देखि लागु हुने गरी निर्णय गरियो ।